फोन नं. ०२५५५१२७५

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# बराहक्षेत्र नगर अस्पताल

बराहक्षेत्र न.पा.-०६, सुनसरी
कोशी प्रदेश, नेपाल
Email-ito.barahahospital@gmail.com

पं.स. : ०७९।०८०
चं.नं. : ३३०

मिति : २०८०।०३।१२

**बिषय: आ.व०८०/०८१ का लागि ल्याब केमिकल तथा सर्जिकल सामग्रीहरु एबम एक्सरे फिल्म आपूर्ति सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति:२०८०/०३/१२**

प्रस्तुत सम्बन्धमा बराहक्षेत्र नगर अस्पतालको मिति २०८०/०३/६ गतेको ब्यबस्थापन समितिले आ.व २०८०/८१ मा अवश्यक ल्याब केमिकल तथा सर्जिकल सामग्रीहरु आपूर्ति गर्न सार्बजनिक सूचना प्रकाशन गर्ने निर्णय अनुसार संबन्धित सबैको लागि निम्न सर्तहरु रहने गरि यो सूचना प्रकाशन गरिएको छ।

**सर्तहरु:**

१) यस बराहक्षेत्र नगर अस्पतालमा अत्यधिक खपत ल्याब केमिकल सामाग्रीहरु (अनुसूची १ ) र एक्सरे फिल्म एबम उपकरणहरु (अनुसूची २) को नामावली र अस्पतालको आबश्यकता अनुरुप यस अस्पतालले पछि तोके बमोजिमको अन्य केमिकल र सर्जिकल सामग्रीहर समेत आपूर्ति गर्नु पर्ने छ।

२) अवश्यक ल्याब केमिकल तथा सर्जिकल सामग्रीहर (अनुसूची १ र अनुसूची २ ) का ईच्छुक अपुर्तिकर्ताले इमेल/फोन मार्फत कार्यालय समयमा माग गरि प्राप्त गर्न सक्नेछन् वा इमेल तथा website बाट समेत प्राप्त गर्न सक्नेछन्।

३) आपूर्तिकर्ताहरुले सबै अनुसूची (१ र २) हरु वा निजहरुद्वारा उपलब्ध गरिने अनिबार्य सबै अनुसूचीको पनि दररेट आपूर्तिकर्ताले निवेदनमा उल्लेख गरि पेश गर्नुपर्ने छ।

४) उल्लेखित अनुसूचीहरु मा सबै भन्दा कम दररेट पेश गर्ने र भुक्तानीका लागि सबै भन्दा धैरै समय दिने संग अनुसूची लगाएत अस्पताललाई अवश्यक अन्य केमिकल तथा सर्जिकल सामग्री खरिद गर्न सम्झौता गरिनेछ।

**५) आवश्यक कागजपत्रहरु** : निवेदनका साथै निवेदन दस्तुर तिरेको खरिद ,PAN/VAT कार्डको प्रतिलिपि, संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र कारचुक्ता प्रमाणपत्र वा म्याद थपको पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ। आवश्यकता अनुरुप व्यवस्थापन समितिले माग गरे बमोजिमका थप कागजपत्रहरु उपलब्ध गराउनुपर्ने छ।

६) उल्लेखित अनुसूचीहरु मा रहेका सामाग्रीहरु अस्पतालले एक हफ्ताको समय राखी औपचारिक रुपमा २(दुई ) पटक सम्म माग गर्दा पनि आपुर्तिकर्ताले सम्झौता भएको अनुसूचिमा उल्लेख भएका सामग्रीहरु आपूर्ति गर्न नसके अस्पतालले अन्य बैकल्पिक वा जुनसुकै संस्थासंग पनि खरिद गर्नसक्ने छ। तर यसरी खरिद गर्दा अनुसूचिहरुमा आपूर्तिकर्ताले उल्लेख गरेको दररेट भन्दा बढी रकम पर्न गएमा उक्त बढी परेको रकम संबन्धित सम्झौताकर्ता / आपुर्तिकर्तालाई जरीवाना गरिनेछ। तर सम्झौता भएको अनुसूचिमा नरहेका सामाग्रीहरु आपूर्ति गर्न आपूर्तिकर्ता पनि बाध्य हुने छैन र तिनमा जरीवाना पनि लाग्ने छैन।

**७) सामग्री ढुवानी** : अवश्यक सम्पूर्ण सामाग्रीहरु अस्पतालसम्म महिनाको कम्तिमा २ दिन आपुर्तिकर्ताले निशुल्क रुपमा ढुवानी गरिदिनुपर्नेछ

**८) भुक्तानीको बिषय** : क ) बराहक्षेत्र नगर अस्पतालसँग सुरु पुंजी (Capital Amount) नभएको हुँदा, स्वास्थ्य बिमा बोर्ड बाट प्राप्त भए पश्चात सोहि अनुरुप भुक्तानी गरिने छ, अस्पतालले लिनु पर्ने पुरा भुक्तानीहरु जस्तै स्वास्थ्य बिमा बोर्ड लगाएतबाट समयमै पूर्ण भुक्तानी प्राप्त नभएमा आर्थिक बर्ष सकिने बेलामा भुक्तानी दिन बाकीं रकम लेखापरीक्षण गरि दायित्वमा देखाईनेछ।

मोहन प्रसाद सुबेदी
व्यवस्थापक

फोन नं. ०२५५५१२७५

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
# बराहक्षेत्र नगर अस्पताल
बराहक्षेत्र न.पा.-०६, सुनसरी
कोशी प्रदेश नेपाल
Email-ito.barahahospital@gmail.com

पं.स. : ०७९।०८०
च.नं. : ३३०

मिति : २०८०।०३।१२

ख ) भुक्तानीदिदा सर्बप्रथम यसै प्रकृतिका साबिकका सम्झौताकर्ताहरुलाई तिर्न बाकीं रहेको भुक्तानी पश्चात मात्रै भुक्तानी दिन सुरु गरिनेछ ।

**९ ) निवेदन दर्ताको तरिका र अन्तिम समय :**

क ) ईच्छुक आपूर्तिकर्ताले अवश्यक कागजपत्रहरु र निवेदन अस्पतालको प्रशासन शाखामा निवेदन दस्तुर रु.२००० /-(दुई हजार रूपयाँ मात्र फिर्ता नहुनेगरी ) को रसिद सहित निवेदन दर्ता गराउनु पर्नेछ ।

ख) ईच्छुक आपूर्तिकर्ताले अवश्यक कागजपत्रहरुको scan copy, निवेदन र निवेदन शुल्क यस बराहक्षेत्र नगर अस्पतालको बैंक खातामा esewa वा IPS वा mobile banking मार्फत निवेदन दस्तुर रु २०००/-( दुई हजार रूपयाँ मात्र फिर्ता नहुनेगरी ) तिरेको रसिदको scan copy सहित अस्पतालको इमेल ito.barahahospital@gmail.com मा निवेदन पेश गर्न सकिनेछ । इमेल मार्फत पठाईएको निवेदनको दर्ता नम्बर इमेल बाटै उपलब्ध गराईनेछ । कार्यालय खुल्ने समयमा फोन गरि समेत जानकारी लिन सकिन्छ ।

ग ) निवेदन दिने मिति २०८०-०३-१२गते देखि २०८०-०३-२७ गते मंगलबार दिनको ५ :०० बजे सम्म सो मिति भन्दा पछाडीका कुनै पनि निवेदन लिईनेछैन ।

घ) **बैंक खाता विवरण** : बैंक को नाम: माछापुच्छ्रे बैंक लिमिटेड,चक्रघट्टी शाखा ,सुनसरी

खाताको नाम : बराहक्षेत्र नगर अस्पताल (Barahakshetra Nagar Aspatal)

खाता नं : ११९००८०७२०६०००११ ( 1190080720600011)

१०) ईच्छुक आपूर्तिकर्ताले आफ्ना थप केहि प्रस्ताब भए टेन्डर/निवेदनमै उलेख गरि पेश गर्न सक्नेछ ।

११) अपुर्तिकर्ता छनौट अनुसूची अनुसार हुन सक्नेछ साथै कबोल गरिएको अंक यस संस्थाले तय गरेको अनुमानित रकम भन्दा बढी हुन गएमा संबन्धित item यस अस्पताल खरिद गर्न बाध्य हुने छैन ।

१२) अनुसूची २ मा रहेको एक्सरे फिल्मको बिषय यस अस्पतालमा प्रयोग भई रहेको fuji कम्पनी को एक्सरे मेसिन रहेको हुदा सो मेसिनमा प्रयोग हुने अनुसूची बमोजिम आपूर्ति गर्नु पर्ने छ ।

१३) कुनै पनि अपुर्तिकर्ताले अनुसूचिमा उल्लेख गरेका सामाग्रीहरुको त्यहाँ खोलिईएका बिशेष कम्पनि वा ब्राण्डहरुनै आपूर्ति गर्नु पर्ने हुन्छ ।

१४) आपुर्तिकर्ताको छनौट सम्बन्धि निर्णय गर्ने सम्पूर्ण अधिकार अस्पताल व्यबस्थापन समितिमा निहित रहनेछ । अपुर्तिकर्ता छनौट सम्बन्धि थप सूचना पछि प्रकाशित गरिनेछ ।

थप जानकारीका लागि प्रशासन शाखा ०२५-५५५२७५ वा ito.barahahospital@gmail.com वा website: https://www.bknh.gov.np/ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**बोदर्थ :**

श्री बराहक्षेत्र नगरपालिका : बराहक्षेत्र नगरपालिकाको सूचना पार्टी र website मा यो सूचना रखिदिनुहुन हार्दिक अनुरोध छ ।

मोहन प्रसाद सुबेदी
व्यवस्थापक
बराहक्षेत्र नगर अस्पताल

मोहन प्रसाद सुवेदी
(व्यवस्थापक)
बराहक्षेत्र नगर अस्पताल